अन्धकारमय रातका टुक्रा जस्ता फित्ना (परीक्षाहरू) आउनेछन्,

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अन्धकारमय रातका टुक्रा जस्ता फित्ना (परीक्षाहरू) आउनेछन्, त्यसैले सत्कर्म गर्न हतार गर्नुहोस्। यस्तो समय आउनेछ, जब बिहान एक मानिस मुमिन हुन्छ तर साँझसम्ममा काफिर बन्न पुग्छ, अथवा साँझ मुमिन हुन्छ तर बिहान काफिर बन्छ। त्यो
मानिस थोरै सांसारिक लाभका लागि आफ्नो धर्म बेच्नेछ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मुमिन (आस्तिक) हरूलाई फित्ना (प्रलोभन) र शंकाहरूको आगमनबाट विचलित हुन अघि असल र राम्रा कर्महरू गर्न प्रोत्साहित गरिरहनु भएको छ । यी फित्ना (प्रलोभन) हरू अन्धकार रातिको रूपमा देखा पर्नेछ, जसमा सत्य र असत्य सही र गलत यसरी मिसिनेछ कि मानिसलाई यी दुईबीच छुट्याउन गाह्रो हुनेछ । अवस्था यति भयावह हुनेछ, व्यक्ति बिहान आस्तिक रहन्छ, बेलुका काफिर बन्छ । बेलुका आस्तिक रहन्छ, बिहान काफिर बन्छ । यस संसारको क्षणिक भोगले गर्दा आफ्नो दीन (धर्म) लाई दुनियाँको तुच्छ चीजको सट्टामा बेच्नेछ ।"

https://sunnah.global/hadeeth/ne/show/3138